सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७८/७९
च. न

प्रथम पटक प्रकाशित मितिः २०७८।११।०२

## विज्ञापन कर संकलन गर्न इच्छुक संस्थाहरुलाई प्रस्ताव पेश गर्न जारी सूचना

यस सरावल गाउँपालिकाभित्र आ.व. २०७८।७९ देखि २०८०।८१ सम्मका लागि विज्ञापनकर संकलन गर्ने प्रयोजनका लागि यस कार्यालयमा सूचीकृत संघ/संस्थाहरुमध्येबाट बोल बढाबढमा छनौट गर्नुपर्ने भएकोले इच्छुक संघ/संस्थाहरुले व्यवसाय दर्ता/नविकरण प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको कागजातलगायत कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु संलग्न राखी अनुसूची १ बमोजिमको आफुले कबोल गर्ने अधिकतम अंक (वार्षिक) समेत खुलाइ यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा आइपुग्ने गरी शिलबन्दी प्रस्ताव पेश गर्नका लागि इच्छुक सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म पेश गर्न सकिनेछ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत